DOI : https://doi.org/10.3126/kaladarpan.v3i1.55218

# कदमलाल ततमाको गीत कथामा सीमान्तीयता

# Marginality in the story “Kadamlal Tatmako Geet”

**मीरा शाही**
उपप्रध्यापक, नेपाली विभाग
उदयपुर बहुमुखि क्याम्पस
Email: nilimaroyal48@gmail.com

**सार** : प्रस्तुत अनुसन्धानात्मक लेख ऋषिराज बरालद्वारा लेखिएको ‘कदमलाल ततमाको गीत’ कथामा चित्रित सीमान्तकृत समुदायको अध्ययनसँग सम्बद्ध छ। कथामा समाजका उच्च र अभिजात वर्गले निम्नवर्गलाई हेर्ने दृष्टिकोण र त्यसबाट यो वर्ग सीमान्तकृत अवस्थामा पुग्न बाध्य हुन पुगेको सन्दर्भलाई प्रमुखताका साथ उठाइएको छ। आर्थिक अवस्था दयनीय भएको कारण अरूको खेतमा काम गर्न बाध्य छन्। निम्नवर्गीय आर्थिक स्थितिका कारणले दारुण जीवन बाँच्न विवश पात्रहरूले राम्रो लगाउन त के भरपेट खानसम्म पाएका छैनन्। सामाजिक संरचनाको निर्माणमा प्रभुत्वशाली वर्ग नै आफू अनुकूलको सामाजिक संरचना निर्माण गरेको हुनाले सीमान्त वर्गलाई किनारामा पुर्‍याइएको कुरालाई प्रस्तुत कथाले उजागर गरेको छ। कथामा प्रभुत्वशाली वर्ग र सीमान्तवर्ग बिचमा द्वन्द्व उत्पन्न भएको छ। यही द्वन्द्वका कारण सीमान्तवर्गले प्रतिरोध स्वरुप आवाज उठाउँदा यातनाबाट अपाङ्ग बन्नु परेको र अन्ततः अज्ञात मृत्युवरण गर्नु परेको कुराले कथा मार्मिक र दुःखान्तसमेत बन्न पुगेको छ। यस कथामा मूलतः तत्कालीन समाज व्यवस्थाले हलि (कमैया)को सज्ञा दिएको कदमलाललाई केन्द्र बनाएर सामन्तवादी समाज व्यवस्था र त्यसका आडमा हुने गरेको शोषण, दमन, अन्याय, अत्याचारलाई कारुणिक रूपमा प्रस्तुत गरेको छ। यस कथाको विश्लेषण पनि वर्गीय सीमान्तीयताको कोणबाट भए छ। कदमलाल ततमाको गीत कथाले सीमान्तकृतहरूको अवस्थाको चित्रण गरेको छ। वर्गीय सीमान्तीयताको आधारमा ‘कदमलाल ततमाको गीत’ कथाको विश्लेषण गर्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो।

मुख्य शब्द : संस्कृतिक मूल्यमान्यता, प्रभुत्वशाली, सामाजिक पहिचान, शक्ति सम्बन्धको अवस्था, किनारीकृत

**Abstract** : *The research article presented by Rishiraj Baral is associated with the study of the marginalized communities depicted in the story 'Kadamlal Tatmako Geet'. In the story, the upper and elite of the society should take the point of view of the lower class and the group who are bound by the marginalized state. Due to the poor economic condition, the work of the field is bound to be done. Due to the lower class economic condition, the poor life was forced to plant ramro in the neighboring house. The dominant class is not very favorable in the construction of social structure, the leadership of the marginal class of social structure is exposed to the story presented by the AIA.*

**Key words**: cultural value, dominant, social identity, state of power relations, hierarchical

## विषयपरिचय

'कदमलाल ततमाको गीत' कथाका कथाकार ऋषिराज बराल (वि.सं. २००९) हुन् । वि.सं. २०३२ सालमा 'आत्माको अन्तरालबाट' कथा जागृति साप्ताहिकमा छपाएर कथाको क्षेत्रमा उदाएका स्रष्टा हुन् । उनको पहिलो प्रकाशित पुस्तक *भावना* (उपन्यास) २०३४ सालका प्रकाशित भएको थियो । त्यसैगरी अन्य प्रकाशित कृतिहरूमा *गाउँको कथा भन्छु है त ?* (२०५४) कथा सङ्ग्रह, *भग्नावशेष* (कथा सङ्ग्रह २०४४), *बयान* (कथासङ्ग्रह २०५२), *बनमान्छे* (कथासङ्ग्रह २०५४), *कामरेड हुतराज, राजधानी प्रस्थान* (उपन्यास २०४८), *प्रगतिवाद नेपाली उपन्यास* (समालोचना २०४०), *प्रगतिवाद* (समालोचना २०४९), *मार्क्सवाद र उत्तरआधुनिकतावाद* (समालोचना २०५२), *उपन्यासको सौन्दर्यशास्त्र* (समालोचना २०५६) जस्ता कृतिहरू प्रकाशित छन् । कथाकार बराल प्रगतिवादी चिन्तनलाई आना कथाहरूमा निष्ठापूर्वक उतार्न प्रतिवद्ध रहने कथाकारका रूपमा परिचित छन् । 'कदमलाल ततमाको गीत' पनि प्रगतिवादी चिन्तनमा आधारित भएर लेखिएको कथा हो । यस कथामा मूलतः तत्कालीन समाज व्यवस्थाले हलि (कमैया)को संज्ञा दिएको 'कदमलाल'लाई केन्द्र बनाएर सामन्तवादी समाज व्यवस्था र त्यसका आडमा हुने गरेको शोषण, दमन, अन्याय, अत्याचारलाई कारुणिक रूपमा प्रस्तुत गरेको छ । तत्कालीन समाज व्यवस्थाको पृष्ठभूमिमा निर्माण भएको संस्कृतिले वर्गीय र जातीय दृष्टिले किनारीकृत हुन पुगेका र आवाज नसुनिएकाहरूको अवस्थाको यस कथामा चित्रण गरिएको छ ।

यस सिद्धान्त अनुसार पहिला सीमान्तीय वर्गको पहिचान गरिन्छ र पछि कृतिमा उनीहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थाको विश्लेषण गरिन्छ । त्यसै गरी समाजका मूलधारको प्रभुत्वको अवस्था कस्तो छ अनि मूलधार र सीमान्तीकृत वर्गका बीचमा के कस्तो सम्बन्ध छ ? ज्ञान र शक्तिको निर्माण कसरीगरिएको छ ? सहमति र सम्झौता कस्तो छ अनि सीमान्तीयता मुक्तिको चेतना कस्तो अवस्था छ ? आदि कोणबाट अध्ययन, विश्लेषण गरिन्छ । प्रस्तुत लेखमा यसै आधारमा कथाकार ऋषिराज बरालको 'कदमलाल ततमाको गीत' कथाको अध्ययन विश्लेषण गरिएको छ ।

अध्ययन विधि

प्रस्तुत अध्ययन कार्यमा उठाइएको शोध प्रश्नको तथ्यपूर्ण, वस्तुनिष्ठ र प्रमाणिक समाधानका लागि निम्न अध्ययन विधिको उपयोग गरिएको छ :

### सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनका निम्ति ऋषिराज बरालकृत 'कदमलाल ततमाको गीत' कथालाई सूक्ष्म अध्ययन गरी आवश्यक सामग्री लिइएको छ । यसका लागि पुस्तकालयबाट लिएका सामग्रीलाई मुख्य आधार बनाइएको छ । बरालको 'कदमलाल ततमाको गीत' कथालाई प्राथमिक स्रोत सामग्रीका रूपमा र उक्त कथाको वर्गीय सीमान्तीयताको विश्लेषणका निम्ति आवश्यक पर्ने सैद्धान्तिक र प्रायोगिक सामग्रीलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

### सामग्री विश्लेषण विधि :

'कदमलाल ततमाको गीत' कथामा सीमान्तीयताको अध्ययन गर्दा सीमान्तीयताको सिद्धान्तमा वर्गीय सीमान्तीयता र सीमान्तकृतका आवाज जस्ता सूचकमा आधारित रही विश्लेषणात्मक अध्ययन गरिएको छ । सीमान्तीयताको स्थापित सिद्धान्तलाई सामग्री विश्लेषणको आधार तय गरिएकाले निगमनात्मक विधिको प्रयोग गरिएको छ भने अध्ययनमा कथाको सन्दर्भलाई समेत उल्लेख गर्नुपर्ने हुनाले आगमनात्मक विधिको उपयोग गरिएको छ ।

### विश्लेषणका सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा

पाश्चात्य समालोचना परम्परामा विकसित सांस्कृतिक अध्ययनअन्तर्गत सबाल्टर्न सम्बन्धी मान्यताले ग्राम्सी हुँदै गायत्री चक्रवर्ती स्पिभाकसम्म आइ पुग्दा एउटा

विशिष्ट सम्प्रदायकै रूप ग्रहण गरेको छ । यसै क्रममा सन् १९८० मा रञ्जित गुहाको नेतृत्वमा रहेको भारतीय इतिहासकारहरूको समूहले सबाल्टर्न शब्दलाई जाति, धर्म, वर्ण, लिङ्ग, पेसा, पद, हैसियत, उमेर, वर्ग, शारीरिक अवस्था आदिको आधारमा उपेक्षित व्यक्तिहरूको समूहलाई चिनाउनका लागि प्रयोग गरे (श्रेष्ठ, २०६८, पृ.४१) । पछि यो एउटा अध्ययन सम्प्रदायको रूपमा विकसित भयो । सीमान्तीयताको अध्ययन विश्वव्यापी बन्दै जाने क्रममा सामाजिक संरचना, सीमान्त वर्ग, प्रभुत्वशाली समूह र विचारधारालाई आधार मानेर हेर्ने चलन स्थापित भयो ।

सीमान्तीयता सिद्धान्तले समाजमा अनेक ढङ्गले पछि पारिएका वा किनारामा हुत्याइएकाहरूका विषयमा विभिन्न कोणबाट अध्ययन, विश्लेषण गर्ने सिद्धान्त हो । सीमान्तीयता कुनै पनि समाजमा शासक वा शक्ति केन्द्रबाट सदियौँदेखि शोषित, दमित र किनारीकृत भई अत्यन्त पछौटे जीवन व्यतित गर्न विवश पारिएका वर्गलाई बुझाउँछ । यस्ता वर्गहरू आर्थिक, लैङ्गिक, जातीय हुने गर्दछन् । सीमान्तीयताहरूको आवाज दमित गरिएको हुन्छ । उनीहरूलाई राज्यको मूलधारसम्म आफ्ना कुराहरू राख्नबाट बञ्चित गरिएका हुन्छन् अथवा राख्न दिए पनि उनीहरूको आवाज वा माग राज्य सत्ताले सुन्न वा सम्बोधन गरि दिनबाट बञ्चित गरिएका हुन्छन् । सवाल्टर्न अङ्ग्रेजी शब्द हो र यसले राज्यको मूलधारको प्रवाहभन्दा बाहिर रहेका वर्गीय, जातीय, लैङ्गिक वर्गहरूको किनारीकृत अवस्थालाई सङ्केत गर्छ । इटालेली मार्क्सवादी/नवमार्क्सवादी चिन्तक ग्राम्चीद्वारा प्रस्तुत सवाल्टर्न सम्बन्धी मान्यतामा केन्द्रित रहेर निर्धारित कथाको विश्लेषण गरिएको छ ।

सबाल्टर्न पदावलीको साइनो पुरानो फ्रान्सेली भाषा सबल्टर्नेसित जोड्ने गरिएको भए पनि यसलाई ल्याटिन सबर्ल्टस्को विकसित रूप सबाल्टर्नका रूपमा ग्रहण गर्ने गरिएको छ । सबाल्टर्नको अर्थ निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकाहरू भन्ने हुन्छ (बराल, २०७३, पृ.१६२) । इटालेली भाषामा यसलाई सबाल्टर्नो भन्ने गरिएको छ । जेलमा हुँदा ग्राम्सीले जेलको कठोर सेन्सिरसिपबाट जोगिन धेरै ठाउँ साङ्केतिक पदावलीहरूको प्रयोग गरेका छन् । ग्राम्सीले इटालीकै जेलमा बस्दा लेखेका लेखहरूको सङ्ग्रह प्रिजन नोटबुकबाट सीमान्तीयता शब्दको प्रारम्भ भएको पाइन्छ । सबाल्टर्न विषयसँग सम्बद्ध सामग्रीको लेखन तथा प्रकाशन भने सन् १९८० को दशकपछि मात्र देखिएको हो । जब रङ्गभेद, वर्ग, जाति, लिङ्ग, यौनिकता, छुवाछुत, क्षेत्रीयता, जनजाति आदिसँग सम्बद्ध मुद्धाले मूल धारमा स्थान पाउन थाल्यो त्यसपछि सबाल्टर्न वर्गहितको पक्षमा पनि डिस्कोर्स निर्माणमा वृद्धि भएको (श्रेष्ठ,२०६८,पृ.१६) । सबाल्टर्न वर्गले समाजको महत्त्वपूर्ण स्थान र उत्पादनको उच्च प्रकारको जिम्मेवारी वहन गर्दै आएको भए तापनि सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, लैङ्गिक आदि दृष्टिले उपेक्षित छ । यसै कारण यो वर्ग स्वयमूले र बौद्धिक क्षेत्रका लेखक तथा सर्जकहरूले सबार्ल्टन अध्ययनलाई अघि बढाएका छन् ।

सीमान्तवर्ग समाजको सबैभन्दा तल रहेको हुन्छ तर उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण भूमिका भए पनि उपभोगका अवस्थामा भने उसको महत्त्व किनारामा पुर्‍याइएको हुन्छ । यसरी इतिहासका सबै कालखण्डमा एउटा केन्द्रले अनेकन ढङ्गले निर्माण गरेको किनाराको वर्ग नै संसारमा सबाल्टर्न वर्गका नामले परिचित छ । सबाल्टर्न शब्दको अर्थ वा भावमा पनि परिवर्तन हुँदै आएको छ । वर्तमान अर्थमा सबाल्टर्नले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक, लैङ्गिक, पेसाजस्ता हरेक हिसाबले तल पारिएका/परेका ‘ तल्लो वर्ग’ समूहलाई जनाउँछ । यस अर्थको भावबाट ‘सबाल्टर्न’ शब्दको प्रयोग प्रथमतः इटालीका मार्क्सवादी तथा सांस्कृतिक विश्लेषक आन्तोनियो ग्राम्सीबाट

सबाल्टर्न शब्द लिइएको सबाल्टर्न शब्दलाई, उपेक्षित । किनारीकृत वर्गको सम्बोधक शब्दका रूपमा लिने प्रचलन छ । सीमान्तीयताको बारेमा ग्राम्सीका अवधारणालाई ताराकान्त पाण्डेयले आफ्नो पुस्तक 'मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र' नामक पुस्तकमा यसरी प्रस्तुत गरेका छन् :

उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा सामान्य/साझा मान्यताको विकास गरिन्छ । प्रभुत्वमा वार्ता र सहमति आधारभूत तत्त्वका रूपमा रहन्छन् । विचारहरू, मूल्यहरू, विश्वासहरू माथिबाट लादिँदैन, न त स्वतन्त्र वा आकस्मिक रूपले नै यसको विकास गरिन्छ । बरु, एउटा यस्तो अवस्थाको निर्माण हुन्छ जतिबेला श्रमिकहरू हामी शोषित भएका, ठगिएका वा लुटिएका छौं भन्ने थाहा पाउँदैनन् । पुँजीपतिले लिएको अतिरित्त मूल्य पनि उनीहरूको अधिकारै हो भन्ने उनीहरू ठान्छन् । आफ्नो अवस्थालाई उनीहरू आफ्नै पूर्वजुनीको फल ठान्न थाल्छन् (२०७३, पृ.६४) ।

यसरी हेर्दा आफूमाथि भएका उत्पीडनहरूलाई पराजित गर्न यस समुदायले विद्रोहको आवश्यकतालाई बोध गर्न सक्दैन । परस्पर परिपूरकका रूपमा रहने ज्ञान र शक्ति दुबैबाट यो समुदाय बाहिर धकेलिएको हुन्छ । यिनीहरू यसरी बाहिर धकेलिनुमा स्वयम् जिम्मेबार छैनन् र वर्तमानमा मात्र मूलधारबाट बिमुख भएका पनि होइनन् । यिनीहरू त शक्ति प्रयोगको कारणबाट बिमुख बनाइएका हुन् ।

केन्द्रले सम्पूर्ण कुरालाई आफ्नो अधीनमा राखी सधैं आफ्ना हितमा मात्र प्रयोग गर्ने हुनाले सबाल्टर्न वर्ग सधैं उपेक्षित र तिरस्कृत अवस्थामा रहन बाध्य हुन्छ । मनप्रसाद सुब्बाका अनुसार "सत्ता, शक्ति, बर्चश्व, आधिपत्य मुठ्याएर केन्द्रले किनारालाई कहिल्यै आफू समान हुन दिँदैन, परपरै पन्छाएर त्योमाथि अह्रन, खटन र आफ्नै योजना मात्रै कार्यान्वित गरि रहन्छ" (सुब्बा, सन् २०११, पृ.३) । यसरी हेर्दा सत्तामा रहेका वर्गले शक्ति आफ्नो मुठीमा राखेर सीमान्त वर्गलाई सधैं शोषण, दमन गरिरहन्छ र आफ्नो अधिनमा राख्न चाहन्छ ।

रमेशप्रसाद भट्टराईका अनुसार सत्ता, शक्तिसम्बन्धमा आधारित हुन्छ । फुकोको सत्तासम्बन्धी अवधारणामा आधारित हुँदै सांस्कृतिक समालोचकहरूले कलम चलाएका छन् भने सांस्कृतिक राजनीति र सांस्कृतिक नीनि निर्माणमा पनि उनका धारणाहरूलाई स्थान दिन थालिएको छ । यति हुँदाहुँदै पनि सांस्कृतिक अध्ययनअन्तर्गत सत्ता भन्नाले नियन्त्रक एकाइ हो र त्यही कारण समाज, वर्ग, जाति, जनजाति, लिङ्ग, राष्ट्रियता आदि समस्या देखा परेका हुन् । पछि परेका यी विविध समुदायको सत्ता-दमन र सत्ता-सम्बन्धको अध्ययनबाट नै सांस्कृतिक अध्ययनले सत्ताको प्रवृत्ति र प्रकृतिको वर्णन गर्न सक्छ (२०७०, पृ.२३५-२६४) । यसरी हेर्दा सीमान्तीय अध्ययनमा सत्ता र शक्तिसम्बन्धको प्रभाव रहेको देखिन्छ ।

कृतिभित्र प्रतिनिधित्व गराइएका जातीय, वर्गीय र लैङ्गिक सीमान्त पात्रहरूको. पहिचान कुन रूपमा गराइएको छ भन्ने.कुराको. खोजी यसमा गरिन्छ । कृतिभित्र सीमान्तको प्रतिनिधित्व गराएर मात्रै सीमान्तीकृत वर्गप्रति उपकार वा गुण लगाएको मान्न सकिँदैन । उसलाई कृति भित्र कुन स्तरको पहिचान दिइएको छ भन्ने कुरा हेर्नु पर्दछ । प्रभुत्वशाली वर्गको पहिचानलाई प्राथमिकता दिइएको छ कि सीमान्तीकृत वर्गको पहिचानलाई बढावा दिइएको छ भन्ने. प्रश्नको. अध्ययन यसभित्र गरिएको छ । कथाकार ऋषिराज बरालद्वारा लिखित 'कदमलाल ततमाको गीत' कथामा मञ्चित कदमलाल, उसको परिवार, घुरहु, शिशुवा सीमान्तीय वर्गका पात्रहरू रहेका छन् । त्यस कारण सीमान्तीयता सिद्धान्तले तय गरेका लगभग सबै कोणहरूबाट यस कथालाई विश्लेषण गर्न सकिन्छ । यहाँ प्रस्तुत कथालाई सीमान्तकृतहरूको वर्गीय, जातीय,

आवाज र प्रतिरोधका अवस्थाको कोणबाट विश्लेषण गर्न खोजिएको छ।

**वर्गीय सीमान्तीयता**

'कदमलाल ततमाको गीत' कथामा आएका कदमलाल, उसको परिवार, घुरहु, शिशवा जस्ता पात्रहरू वर्गीय दृष्टिले सीमान्तकृत पात्र हुन् भने म पात्र, किसनलाल, जुँगे हबलदार, किसनलालका बुबा, चौधरी मास्टर प्रभुत्वशाली वर्गका पात्र हुन् । सामन्ती उत्पादन सम्बन्ध र त्यसको अन्यायपूर्ण वितरण प्रणालीका कारण उनीहरूको आर्थिक अवस्था ज्यादै दयनीय छ। न त रोजगारी न त लगाउने व्यवस्था सबै कुराबाट यो वर्ग बञ्चित रहेको अवस्था छ। त्यस्तै गरी वर्गीय र जातीय रूपमै तत्कालीन समयको सामन्तवादी प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको विमर्शबाट उनीहरू हेजेमोनाइज्ड भई हीनताबोध चेतना उत्पन्न भएको देखिन्छ। वर्गीय रूपमा कदमलाल उसको परिवार, घुरहु, शिशवाले अत्यन्त निम्नस्तरको जीवन व्यतित गरेको देखिन्छ जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

सात वर्षको उमेरदेखि हलो चलाएको हुँ मालिक ! ऊ मलाई भन्ने गर्थ्यो तर मैले जतिबेर देखेँ त्यतिबेर ऊ बूढोभैmं देखिन्थ्यो, दुब्लो र ख्याउटे । हलो जोत्ताजोत्तै ऊ खोक्न थाल्यो, खोक्ताखोक्तै आलीको डिलमा बसेर छाद्थ्यो र स्वाँ गरेर लामो सास फेर्थ्यो । यो दृश्य किसनलालका लागि त्यति प्रिय थिएन । रे सार तुँ नही सकेछी त तोरा बेटाके भेजदह (गरिमा, पृ ३५-३६) ।

माथिको साक्ष्य अनुसार किसनलाल र कदमलालको बुबाको अवस्थाको ज्ञात गराएको छ। समयले भन्दा पनि उनीहरूलाई गरिबी र अभावले समयभन्दा अगाडि नै बुढो बनाइएको थियो । न थकाइ लाग्यो भनेर आराम गर्न पाउँथे न त रोग लाग्यो भनेर उपचार नै । जति मेहनत गरे पनि सधैं छाक टार्न नै धौ धौ परेको छ । मालिक (किसनलाल)मा कुनै सहानुभूति छैन। उल्टो काम गर्न सकेन भनेर गाली गर्छ। नेपालको तत्कालीन पञ्चायती, सामन्तवादी समाज व्यवस्थाले निर्माण गरेको एउटा प्रभुत्वशाली संस्कृतिले कदमलालजस्ता कैयौं कथाकथितहरू एकातिर जातीय रूपमा चरम विभेद र उत्पीडन खेप्न बाध्य बनाइएका छन् भने अर्कोतिर आर्थिकरूपमा उनीहरू अत्यन्त अमानवीय र कष्टप्रद जीवन भोग्न बाध्य भएका छन् । जीवनका लागि अतिआवश्यक कुराबाट वञ्चित भएको र एकदमै दयनीय अवस्थामा जीवन जिउन उनीहरू विवश छन् । जति मेहनत गरे पनि प्रभुत्वशाली वर्गले उनीहरूप्रति हेर्ने दृष्टिकोण एकदमै निम्न रहेको छ जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

"तेरो छोरो कि त डाँका हुन्छ कि त ज्यानमारा (गरिमा, पृ.३६) ।" किसनलालको यस भनाइले के निष्कर्ष निकाल्न सकिन्छ भने कमजोरहरूले आफू रात, दिन, हावा, पानी नभनी खटिएर काम गर्दा पनि श्रमको उचित मूल्य पाएको आधार छैन । उल्टै तिरस्कृत हुनु परेको छ। यसबाट पनि कदमलालको सिङ्गो परिवार वर्गीय रूपमा सीमान्तीयता बन्नु परेको अवस्था छ।

सीमान्तीयताको सिद्धान्तका अनुसार केन्द्रले शक्ति, सत्ता, बर्चस्व र आधिपत्य मुठ्याएर किनारालाई सधैं थिचिरहन्छ। कहिल्यै शीर ठाडो पार्न दिँदैन बरु उल्टै अनि धर्मजस्ता अङ्कुश निर्माण गरेर सधैं सीमान्तीय वर्गमाथि अरनखटन मात्र गरी आफू मोटाउँछ।

यसरी यस कथामा कदमलाल ततमाको परिवार मूलतः वर्गीय रूपले सीमान्तीय वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएका छन् । तथाकथित दलित, कमाराजाति र उनीहरू सदियौंदेखि उत्पीडनकारी र विभेदकारी सामन्तवादी प्रभुत्वशाली संस्कृतिको चपेटामा परी किनारीकृत र सीमान्तकृत भई केन्द्रीय राज्यसत्ता, राष्ट्रिय सरोकारका विषय तथा राष्ट्रिय राजनीति, शैक्षिक, सांस्कृतिक आदि हरेक कोणबाट उपेक्षित हुँदै आउनु परेको अवस्थाको चित्रण छ । सदियौंदेखिको यस वर्गीय असमानतालाई चुपचाप सहन

बाध्य बनाइएका वर्गीय सीमान्तीयताको प्रतिनिधित्व यी पात्रहरूले गरेका छन् ।

**जातीय सीमान्तीयता**

सीमान्तीय वर्गको पहिचान गर्ने अर्को महत्वपूर्ण आधार जाति पनि हो । मानव समाजलाई जातीय आधारमा विभाजन गर्ने र तथाकथित उपल्लो जातिले तल्लो जातिमाथि गर्ने अन्याय, अत्याचार, शोषण, दमन र हेलाहोचोको व्यवहारबाट शोषित, पीडित, उपेक्षित हुनुपर्ने अवस्था नै जातीय सीमान्तीयता हो । प्रभुत्व, पहुँच, पहिचान, प्रतिनिधित्वका आधारमा जातिहरू उच्च र निम्न वा केन्द्र र किनारामा विभक्त भएका छन् । सबै जातिको अवस्था समान प्रकार देखिँदैन । उच्च जातले आफू अनुकूल बनाएको सामाजिक संरचनामा तल्लो भनिएका जातिका व्यक्तिहरू सबाल्टर्न बन्न बाध्य हुन्छन् । यस कथाभित्र प्रतिनिधित्व गराइएको जातीय सीमान्त पात्रको पहिचान कुन रूपमा गराइएको छ भन्ने कुराको विश्लेषण यस अन्तर्गत गरिएको छ ।

'कदमलाल ततमाको गीत' कथाको धरातल जातीय सीमान्तीयताका पीडाबाट पनि त्यत्तिकै रङ्गिएको छ । यो तराईंका जनतामा पाइने परिवेश बनाएर लेखिएको कथा हो । तराईंको जनतामा पाइने विभेदकारी अवस्थाको चित्रण गरेको छ । यस कथामा जातीय सामाजिक, सांस्कृतिक रूपले तथाकथित तल्लो जातिको संस्कृति प्रस्तुत भएको छ । जातीय हिसाबले कदमलाल उसको परिवार, मुसहरहरूले तथाकथित तल्लो जातिको प्रतिनिधित्व गरेका छन् । यी सबै पात्रहरू सामाजिक, सांस्कृतिक रूपले सीमान्तकृत अवस्थामा रहेका छन् । यस कथाले तत्कालीन नेपाली समाजको परिवेश स्पष्ट पार्दछ ।

प्रस्तुत कथामा किसनलाल प्रभुत्वशाली वर्गको माथिल्लो जातको पात्र हो । ऊ आफूलाई माथिल्लो जातको ठान्छ । अरू जातकालाई जे गरे पनि हुन्छ भन्ने ठान्छ जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

किसनलाल पुरुष (मुसहर) हरूलाई दारुले टन्न पारेर घर पठाउँथ्यो र स्वास्नी कुट्न लगाउँथ्यो । बिहान एक सेर चामल लिएर स्वास्नी घर फर्किन्थी, मुसहर दङ्ग पर्थ्यो (पृ.३६) ।

माथिको साक्ष्यले कसरी निम्न भनिएको दलित मुसहर जाति प्रभुत्वशाली संस्कृतिबाट कसरी उत्पीडनमा परिरहेको छ भन्ने प्रष्ट हुन्छ ।

**सीमान्त वर्गको स्थानगत प्रभुत्व र प्रतिरोधको अवस्था**

यस कथामा प्रतिनिधि पात्रका रूपमा आएका कदमलाल, उसको परिवार, घुरहु, शिशुवा आदि सबै पात्रहरू कुनै न कुनै रूपमा सीमान्तकृत वर्गका प्रतिनिधि भएर आएका छन् । वर्गीय दृष्टिले कदमलाल र उसको परिवार सीमान्तीयता वर्गमा परेका छन् । उनीहरू आर्थिक रूपमा विपन्न अवस्थामा छन् । उनीहरू आर्थिक विपन्नताकै कारण कदमलालको बाउ किसनलालको हलो जोत्न बाध्य छन् । अरूको हलो जोत्नु पर्ने उनीहरूको कमजोर आर्थिक अवस्थाको परिणति हो । त्यस कारण गाउँमा वातावरणले उनीहरूका लागि अपमानजनक स्थान निर्धारण गरिदिएको छ । जातीय दृष्टिले पनि यी सबै पात्र सीमान्त वर्गमा परेका छन् । लैङ्गिक दृष्टिले मुसहरकी श्रीमतीहरू सीमान्तीयता वर्गका पात्र हुन् । उनीहरू सबै आआफ्नै घरभित्र पुरुषका कारण सीमान्तकृत बन्न विवश छन् । आफ्नै घरमा पनि सम्मानित स्थान पाउनबाट बञ्चित यी पात्रहरूले बाहिर सम्मानित स्थान पाउन सक्ने कुराको कल्पनासम्म गर्न सकिन्न ।

यस कथामा सीमान्त वर्गहरू केन्द्रमा आसिनहरूबाट प्रभुत्वको सिकार बनाइएका छन् । वर्गीय र जातीय दृष्टिमा केन्द्र र किनारा एउटै छ । यस कथामा सम्पन्न र उच्च वर्गको संस्कृति नै प्रभुत्वशाली संस्कृतिको रूपमा रहेको छ । वर्गीय रूपमा किनारीकृत हुन पुगेका कदमलाल र उसको परिवारलाई जातीय रूपमा पनि सीमान्तकृत बनाइएका छन् । लैङ्गिक रूपमा पनि पुरुषको प्रभुत्वमा नारीहरू दुःखपूर्ण जीवनयापन गरिरहेका छन् । लैङ्गिक रूपमा मुसहरका श्रीमतीहरू

किनारीकृत छन् ।

प्रतिरोध भनेको सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षा हो । त्यो अधिनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ । जहाँ सांस्कृतिक शक्तिका रूपहरूमाथि बाह्य वा अन्य पक्षले प्रश्न उठाउछन् तब रमिते बन्न पुगेको वर्ग वा समुदायले दमन शक्तिका विरूद्ध आवाज उठाउन थाल्छ । यसरी आवाज उठाउनु वा विद्रोह गर्नु नै प्रतिरोध हो । विभेदकारी सामन्ती शक्तिकेन्द्रका विरुद्धमा आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । गायत्री चक्रवर्ती स्पिभाकको के सबाल्टर्न बोल्न सक्छन् ? भन्ने लेखलाई उद्धृत गर्दै मोहनराज शर्माले लेखेका छन्ः

गायत्री चक्रवर्तीका विचारमा सीमान्तीय वर्ग आफ्ना लागि आफैं बोल्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनका लागि बोलिदिनु पर्छ भन्ने उनको मान्यता रहेको छ । त्यसो त सीमान्तीय आफ्ना सुखदुःख व्यक्त गर्नै सक्दैनन् भन्ने होइन तर त्यस्ता अभिव्यक्तिहरूको स्वर ज्यादै मसिनो भएकाले नसुनिएर आफैं दबिन्छ । उनका विचारमा सबाल्टर्न आफ्नो प्रतिनिधित्व पनि आफैं गर्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनको प्रतिनिधित्व गरिदिनु पर्छ (२०७०, पृ.३१८) ।

सीमान्तीकृत वर्गहरू आफ्नो हक, अधिकार र पहिचानको लागि शक्तिकेन्द्र वा राज्यसत्ताका विरूद्ध बोल्न सकेको पाइँदैन, कतिपय अवस्थामा सीमान्तीकृतहरूले आफूमाथि भएको अन्याय, अत्याचार थाहै पाउँदैनन् । अर्को कुरा थाहा पाए पनि प्रभुत्वशाली वर्गसँग बैमनस्यता राख्नु आफ्ना लागि जोखिम ठान्छन् । अझ अर्को कुरा उनीहरूले शक्तिकेन्द्रसँग आफ्ना आवाज पुर्‍याउनुको सट्टा आफ्नो भाग्यलाई दोष दिन्छन् । यस कारण सीमान्त वर्ग अन्याय, शोषण, दमनका विरूद्ध बोल्न सकेको हुँदैन । समाजमा प्रभुत्व वर्गबाट सीमान्तीकृत समुदायले आफ्नो हक प्राप्तिका लागि कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने विषयमा ताराकान्त पाण्डेय लेख्छन् ः

सत्ता निकटका बुद्धिजीवी, नागरिक समाज र प्रतिनिधित्वले कस्तो विश्वास सिर्जना गर्छन् भने मानौ राज्य तटस्थ छ, दमनकारी छैन । परिस्थितिहरू सहज, सामान्य र स्वभाविकछन् । जे भइ रहेको छ, सब ठीक छ भनेर तिनले एक प्रकारले कन्भिन्स गर्छन् । त्यसैले यसका विरुद्ध सङ्घर्ष गर्न र चेतनाको विकास गर्न ग्राम्चीले जैविक बुद्धिजीवीको आवश्यकताको अवधारणा अघि सारेका छन् (२०७३,पृ.६५) ।

पाण्डेयका अनुसार ग्राम्चीले जैविक बुद्धिजीवीले मात्र सबाल्टर्नका बारेमा बोल्न सक्छन् भन्ने विचार व्यक्त गरेका छन् । त्यसकारण सीमान्त समुदायको पराधीनताको समाप्तिका लागि शक्तिशाली क्रान्ति र स्थायी प्रकृतिका विजय आवश्यकता पर्छ ।

यसरी सीमान्त समुदायले प्रभुत्वशाली वर्ग, जाति, लिङ्गका क्रियाकलापप्रति असहमति जनाउँदै आफ्नो अधिकार प्राप्तिका लागि गरिएको प्रयास नै सीमान्त समुदायको आवाज हो । यसरी कृतिमा प्रतिनिधित्व गराइएका सीमान्तीकृत वर्गले आफ्नो पहिचान र अस्तित्वका लागि बोलेका छन् कि छैनन् भन्ने कुराको अध्ययन यस अर्न्तगतगरिन्छ । साथै उनीहरूको आवाजलाई केन्द्रले सुनेको छ कि छैन भन्ने कुराको पनि अध्ययन गरिन्छ ।

सीमान्त वर्गको प्रतिरोध चेतनाका दृष्टिबाट यो कथा सामान्य रहेको छ । सीमान्तकृत पात्र सबैमा प्रतिरोध चेतना नभए पनि कदमलालमा भने प्रतिरोध चेतना देख्न सकिन्छ जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ ः

तिमी पनि त काका ! केही बोलेनौ त्यतिबेर ! फूलमतिया चिच्च्याएको तिमीले सुनेनौ भन त ? मेरी आमाबाहेक कसको आँखामा आँसु थियो त्यतिखेर ? उल्टै मेरी जहानको चरित्रको कुरा गर्नु भो, रगतपच्छे पारेर मलाई घिसार्दा आँखाभरि रगत पारेर तपाईंतिर हेरेको बिर्सनुभो ? को बोल्यो त्यतिबेला ? कोही बोलेन । किसनलालको गोडा समात्तै लडिन् । फेरि कहाँ भेट्न पाएँ र आमालाई मैले ? (पृ.३५)

यसरी कथाका प्रभुत्वशाली वर्गका पात्र जङ्गे हबलदारले आनी श्रीमतीमाथि हातपात गर्न लाग्दा कदमलालले प्रतिरोध गरेको छ । प्रतिरोध गर्दा उसलाई रगतपच्छे पारेर घिसारिएको छ। कदमलाल यसै कारण डुँडे हुन पुगेको छ तर अरू पात्रमा भने प्रतिरोध आएको पाइँदैन। कदमलालपछि किसनलालको मृत्युमा उत्सव मनाएर हाँस्दै नाचेको छ । बेला बेलामा किसनलाललाई “किसनलाल गाउँमारा हो गाउँमारा (पृ.३५)” भनेर गाली गरेकोछ।

माथिको वाक्यांशले सीमान्तकृत वर्गमा जागृत भएको अन्याय प्रतिरोधी चेतनालाई देखाएको छ। जुङ्गे हबलदार र किसनलाल वा प्रभुत्वशाली संस्कृतिका अन्याय र अत्याचारलाई वर्गीय र जातीय सबाल्टर्नका रूपमा रहेको कदमलालले चुपचाप सहेको  छैन। त्यसको खुलेर विरोध गरेको छ। त्यही विरोधका कारण आफूले मृत्युवरण गर्न पुगेको छ । कदमलालको बलिदानको फलस्वरुप उनको बलिदान एउटा युग परिवर्तनको संवाहक भएर आएको छ । हिजोआज अरुको घरमा हलिया बस्नेहरू आत्मनिर्भर बनेर, पढेर आनै पेशा, व्यवसाय गरी स्वतन्त्रपूर्वक जीवन निर्वाह गरिरहेका छन्। त्यसैले यस कथामा सीमान्त वर्गको प्रतिरोध चेतनालाई मार्क्सवादी द्वन्द्वसँग सम्बन्धित गरी शासित वर्गहरू प्रभुत्वशाली वर्गको उत्पीडन र अन्यायबाट आफूलाई मुक्त गरी समतामूलक समाज निर्माणको दिशामा अघि बढ्ने छ भन्ने दृश्य प्रस्तुत गरिएको छ।

**निष्कर्ष**

‘कदमलाल ततमाको गीत’ कथामा वर्गीय दृष्टिले निम्न वर्गलाई सीमान्तकृत पात्रका रूपमा प्रस्तुत गरिएको छ। गाँस, बास र कपासका समस्यामा जीवन धान्न कठोर समस्यामा परिरहेका कदमलाल, उसको परिवार, घुरहु, शिशवा आदि पात्र वर्गीय दृष्टिले सीमान्तकृत पात्र हुन् । यी सबै पात्रहरू परनिर्भरताबाट मुक्त हुन सकेका छैनन् । आफूहरू शोषणमा परेको थाहा पाएता पनि उच्च वर्गका कारण आवाज उठाउन सकेका छैनन् ।

कदमलाल, उसको परिवार, मुसहरहरू दुःखी, गरिब, सीमान्तकृत र शक्तिहीन छ । उनीहरू अरूकै खेतबारीमा काम गरेर जीवन निर्वाह गर्न विवश छन् । कदमलालको बुबाले वर्षौंदेखि किसनलालको खेतमा हलो जोत्दा पनि उसको आर्थिक अवस्था कहिल्यै माथि उठ्न सकेको छैन । जति नै मरीमेटेर काम गरे पनि सधैँ उसलाई खान, लगाउनकै धौधौ छ। उपचारको कुरा त धेरै परको भएको छ। कथामा कदमलाल, उसको परिवारको मात्र होइन घुरहु, शिशवाजस्ता अन्य सीमान्तकृत पात्रको अवस्था पनि उस्तै दयनीय रहेको देखाइएको छ । अतः उनीहरू विपन्न र सीमान्तकृत हुन् । कथामा यी पात्रहरू प्रभुत्वशाली वर्गको अधीनस्थ छन् । कथामा उच्चवर्गकाले निम्नवर्गकालाई विभिन्न वहानामा शोषण, अत्याचार र दमन गरी सीमान्त अवस्थामा पुऱ्याएका छन् । सीमान्त पात्र कदमलाल, उसको परिवार, घुरहु, शिशवाजस्ता पात्रहरू प्रभुत्वशाली वर्गको शोषण, दमन सहेर पहिचानविहीन अवस्थामा बाँच्न बाध्य छन् ।

कथामा सीमान्त वर्गको वर्गीय पात्रको प्रतिनिधिका रूपमा कदमलाल, उसको परिवार, घुरहु, शिशवा आदि छन् भने प्रभुत्वशाली वर्गको प्रतिनिधित्वका रूपमा मालिक किसनलाल, मास्टर र जुङ्गे हबल्दार रहेका छन् । कदमलाल, उसको परिवार, घुरहु, शिशवाजस्ता पात्रहरू गाँस, वासको अभावमा मुस्किलले बाँचिरहेका छन् । कदमलालले आफ्नी श्रीमतीमाथि भएको अन्यायको प्रतिकार गर्दा जेल जीवन बिताउनुको साथै अपाङ्ग भएर बाँच्नु परेको छ । पछि अन्ततः अज्ञात व्यक्तिबाट उसको हत्या समेत भएको छ। अन्य पात्रहरूले भने डरका कारण आवाज उठाउन सकेका छैनन्। अर्थ अभाव, डर र चेतनाको कमीले गर्दा उनीहरू विभिन्न अवसरबाट बञ्चित छन् ।

‘कदमलाल ततमाको गीत’ कथा तराईलाई परिवेश बनाई त्यस क्षेत्रको जनजीवनलाई प्रतिनिधित्व हुने गरी लेखिएको कथा हो । यस कथामा आएका मुख्य पात्र कदमलाल, उसको बुवा, शिशवा, घुरहु,

मुसहरहरूले सीमान्त वर्गको प्रतिनिधित्व गरेका छन् भने किसनलाल, जुङ्गे हबल्दारले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् । प्रस्तुत कथामा कदमलालकी आमा, श्रीमती, मुसहरहरूका श्रीमतीहरू, मास्टर साहेब लगायतका अन्य पात्रहरू नेपथ्यका रूपमा आएका छन् । सीमान्तककृत पात्र कदमलालमा बाहेक अन्य कुनै पनि पात्रमा प्रतिरोध चेतना जागृत भएको छैन तर कदमलालमा भने प्रतिरोध चेतना रहेको छ । मालिक किसनलाले आफ्नीको इज्जतमाथि हात हाल्दा उसले प्रतिकार गरेको छ । फलस्वरुव उसले आफ्नो खुट्टा गुमाउनुका साथै लामो जेल जीवन पनि बिताउनु परेको छ । जेलबाट छुटेपछि झन उसले किसनलालको खुलेर बिरोध गरेको छ । यसै क्रममा ऊ अज्ञात व्यक्तिबाट मारिन पुगेको छ । यसरी हेर्दा सामन्तवादी शक्तिकेन्द्रले निमुखा गरिबमाथि गर्ने गरेको शोषण र अन्यायको विरुद्ध प्रतिकार गर्नुपर्छ भन्ने चेतनाको विकास भएको पाइन्छ । उसले समाज व्यवस्थामा हुने गरेका अन्याय, अत्याचार र शोषणका विरुद्ध प्रतिकार गरेका छन् ।

**सन्दर्भसामग्री सूची**


उप्रेती, सञ्जीव. *सिद्धान्तका कुरा* (चौथो संस्क.). काठमाडौं, अक्षर क्रियसन्स नेपाल, २०६९ ।

चापागाईं, निनु. *पूर्ववाद र सइदेली विचार*. ललितपुर, साझा प्रकाशन, २०७३ ।

ठकुरी, माया. *चौतारो साक्षी छ*. ललितपुर, साझा प्रकाशन, २०४६ ।

पाण्डेय, ताराकान्त. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*. ललितपुर, साझा प्रकाशन, २०७३ ।

पुलामी, बासुदेव. 'किनाराका आवाजभित्र सबाल्टर्नका स्वरहरू'.समकालीन साहित्य डटकम, चैत्र १०, २०७६ ।

बराल, ऋषिराज. *मार्क्सवाद र सबाल्टर्न अध्ययन*. ललितपुर, साझा प्रकाशन, २०७३ ।

भट्टराई, रमेशप्रसाद. *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*. काठमाडौं, भुँडीपुराण प्रकाशन, २०७७ पृ. ७९-८० ।

शर्मा, मोहनराज.'अवरजन, अध्ययन र साहित्य'.भृकुटी. अङ्क १९, २०७०, पृ. ३१५- ३२५ ।

श्रेष्ठ, तारालाल. शक्ति, स्रष्टा र सबाल्टर्न (दोस्रो संस्क.). काठमाडौं, डिस्कोर्स पब्लिकेसन, २०६८ ।

सुब्बा, मनप्रसाद र रेमीका थापा. *किनारा विमर्श* (सम्पा). दार्जिलिङ, गामा प्रकाशन, सन् २०११ ।